# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ५८ | काठमाडौं | मंगलबार, ५ असार २०८० | Prabhab National Daily | Tuesday, June 20, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**स्तनपान : बालबालिकालाई वरदान**

- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौती दूधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।
- बजारमा पाइने प्याकेट दूध वा फर्मुला आमाको दूधजस्तो पोषिलो हुँदैन ।

*"त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।"*

नेपाल सरकार
विज्ञापन बोर्ड


# देउवा देशबाहिर दाहाल मोर्चाबन्दीमा




■ जेबी योञ्जन

- प्रमुख सत्तारूढ दल कांग्रेसका सभापति देउवा देशबाहिर हुँदा मोर्चा गठन
- कांग्रेसलाई दबाबमा राखेर सत्ता टिकाउने दाहालको दाउ
- वर्तमान सरकार संकटमा परिसकेको उपप्रधानमन्त्री खड्काको संकेत

**काठमाडौं–** सत्तारूढ प्रमुख दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा यतिबेला सिंगापुरमा छन् । नियमित स्वास्थ्य परीक्षणका लागि उनी जेठ ३० गते राति सिंगापुर उडेका हुन् । यहीबेला सत्ताको नेतृत्व गरिरहेको दल नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले नयाँ मोर्चा बनाएका छन् । उनले अन्य तीन दललाई समेटेर चार दलीय समाजवादी मोर्चा बनाएका हुन् । सोमबार मोर्चाको घोषणासमेत गरिएको छ ।

देउवा मुलुकबाहिर रहेका बेला प्रधानमन्त्री दाहालले मोर्चा बनाउनुलाई अर्थपूर्णरूपमा हेरिएको छ । कतिपय राजनीतिक विश्लेषकहरूले यो मोर्चालाई प्रमुख सत्ता साझेदार कांग्रेसमाथि दबाब कायम गर्दै सत्ता टिकाउने र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेलाई तर्साउने दाहालको रणनीतिको रूपमा व्याख्या गरिरहेका छन् ।

स्रोतका अनुसार भुटानी शरणार्थी प्रकरणमा कांग्रेस र एमालेका ठूलठूला नेता जेल परेपछि देउवा र उनको दल कांग्रेस दाहालसँग सन्तुष्ट छैनन् । त्यही भएर देउवाकै दल कांग्रेसका महामन्त्री गगन थापासँगै वरिष्ठ नेता डा. शेखर कोइरालालगायत नेताहरू सत्तारूढ दल भए पनि दाहाल नेतृत्वको सरकारको बारम्बार आलोचना गरिरहेका छन् ।

यसलाई लिएर केही दिनअघि प्रधानमन्त्री दाहालले गुनासो गर्दै भनेका थिए, 'गठबन्धनमा धेरै दल त छन् । तर, एक्लो महसुस गरेको छु ।' दाहालको यो अभिव्यक्तिले पनि कांग्रेसलाई नै दबाबमा राख्दै सत्ता (बाँकी पृष्ठ ३ मा)

## सर्वोच्चको अन्तिम आदेश

# 'फेवाताल अतिक्रमण गरेर बनाइएका संरचना हटाउनू'

■ प्रभाव संवाददाता



- २०७५ वैशाख १६ मा फेवाताल अतिक्रमण गरेर निर्माण गरिएका संरचना भत्काउन सरकारका नाममा सर्वोच्चको आदेश
- २०७८ चैत १६ गते पोखरा महानगरपालिकाको कार्यपालिका बैठकले भने फेवातालको सीमा क्षेत्र ३० मिटर कायम गर्ने निर्णय
- २०७९ असार १३ गते न्यायाधीश ईश्वरप्रसाद खतिवडा र तिलप्रसाद श्रेष्ठको इजलासले महानगरको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश
- कर्ण शाक्यको 'वाटरफ्रन्ट रिसोर्ट' सहित फेवातालको ६५ मिटर क्षेत्रभित्रका अन्य संरचना हटाउनुपर्ने

**काठमाडौं–** सर्वोच्च अदालतले कास्कीको पोखरामा रहेको फेवातालको सीमा क्षेत्र ६५ मिटर नै कायम गर्न अन्तिम आदेश दिएको छ । न्यायाधीशद्वय कुमार रेग्मी र हरि फुयालको संयुक्त इजलासले सोमबार उक्त आदेश दिएको हो ।

२०७५ वैशाख १६ मा सर्वोच्चले फेवाताल अतिक्रमण गरेर निर्माण गरिएका संरचना भत्काउन सरकारका नाममा आदेश दिएको थियो । तर, पोखरा महानगरपालिकाले फैसला कार्यान्वयनको सट्टा उल्टै मापदण्ड नै संशोधन गरेको थियो । २०७८ चैत १६ गते बसेको महानगरपालिकाको कार्यपालिका बैठकले फेवातालको सीमा क्षेत्र ३० मिटर कायम गर्ने निर्णय गरेर सर्वोच्चको आदेशलाई नै चुनौती दिएको थियो ।

त्यसपछि अधिवक्ता खगेन्द्र सुवेदीले २०७९ जेठ ११ मा सर्वोच्च अदालतमा रिट दिएका थिए । उक्त रिटमाथि २०७९ असार १३ गते सुनुवाइ गर्दै न्यायाधीश ईश्वरप्रसाद खतिवडा र तिलप्रसाद श्रेष्ठको इजलासले महानगरको निर्णय कार्यान्वयन नगर्न अन्तरिम (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# म्यानपावर कम्पनीको नवीकरण अनलाइन प्रणालीमा




■ प्रभाव संवाददाता

- असार मसान्तभित्र विभागको अनलाइन प्रणालीमार्फत आवेदन दिन सकिने
- आव ०७९/८० मा कम्तीमा १०० जना कामदार पठाएको विवरण अनिवार्य

**काठमाडौं–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिएका संस्था (म्यानपावर कम्पनी)हरूको नवीकरण अनलाइन प्रणालीमार्फत गर्न सकिने जानकारी दिएको छ । विभागले सोमबार एक सूचना प्रकाशित गर्दै आगामी आर्थिक वर्ष २०८०/८१ का लागि इजाजतपत्र नवीकरण अनलाइन प्रणालीमार्फत हुने जनाएको हो । यसका लागि यही असार मसान्तभित्र अनलाइन प्रणालीमा आवेदन दिनुपर्ने विभागले उल्लेख गरेको छ ।

यस्ता संस्थाहरूको इजाजतपत्र वैदेशिक रोजगार ऐन, २०६४ को दफा १२ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ८ बमोजिम प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र इजाजतपत्र नवीकरण गराउनुपर्ने प्रावधानको व्यवस्था गरेको व्यहोराबारे विभागले सूचनामा सचेत गराइएको छ । 'सोही बमोजिम २०८० असार मसान्तसम्म नवीकरण भएका इजाजतपत्रवाला संस्थाहरू नवीकरण गर्न २०८० असार मसान्तभित्र निम्न बमोजिमका कागजातहरू सम्वन्धित संस्थाको सञ्चालकबाट प्रमाणीकरण भई यस विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स) मार्फत निवेदन गर्न सकिने र अनलाइन प्रणालीबाटै नवीकरण गरिने जानकारी गराइन्छ,' विभागद्वारा जारी सूचनामा उल्लेख छ ।

विभागले नवीकरणका लागि आव ०७९/८० मा कम्तीमा १०० जना कामदार पठाएको प्रमाणसमेत पेस गर्नुपर्ने जनाएको छ । नवीकरण दस्तुर १० हजार रूपैयाँ तोकिएको छ । आव ०७८/७९ को कम्पनी अद्यावधिक पत्र, कर चुक्ता प्रमाणपत्र र आवधिक भएको सेयर लगतसमेत अनिवार्य पेस गर्नुपर्ने विभागको सूचनामा उल्लेख छ । नेपालमा वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि इजाजतपत्र लिएका संस्था करिब ८०० को संख्यामा रहेको छ ।

यसैगरी वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई अभिमुखीकरण तालिम प्रदान गर्न विभागबाट अनुमतिपत्र प्राप्त संस्थाहरूको नवीकरण पनि अनलाइन प्रणालीबाटै हुने विभागले जनाएको छ । विभागले सोमबार जारी गरेको अर्को सूचनामा अभिमुखीकरण तालिम सञ्चालन गर्न अनुमतिपत्र वैदेशिक रोजगार ऐन, २०६४ को दफा २८ (६) तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २३ बमोजिम प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र नवीकरण गराउनुपर्ने प्रावधान रहेको उल्लेख गरेको छ ।

सोही बमोजिम यही असार मसान्तसम्म नवीकरण भएका अनुमतिपत्रवाला संस्थाहरू नवीकरण गर्न असार मसान्तभित्र आवश्यक कागजातसहित सम्बन्धित संस्थाको सञ्चालकबाट प्रमाणीकरण गराई विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स) मार्फत आवेदन गर्न सकिने विभागले जानकारी दिएको छ । सो आवेदनहरूको अनलाइन प्रणालीबाटै नवीकरण गरिने सूचनामा उल्लेख छ ।

वैदेशिक रोजगारीमा जानका लागि अनिवार्य अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था रहेको छ । यद्यपि, यसलाई प्रभावकारी बनाउन नसकिएको सरोकारवालाको भनाइ छ ।


**भोक्राहा नरसिंह गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
चिरौली, सुनसरी, कोशी प्रदेश, नेपाल

**जनहितमा जारी सन्देश**
**उद्योग तथा व्यवसायका लागि**

१. विक्रेताले विक्री वितरण हुने समानको मूल्य सूची स्पष्ट रूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाइ गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको बिक्री बितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

## फेवाताल...

पृष्ठ १ बाट जारी

आदेश दिएको थियो । सर्वोच्चले फेवातालको ६५ मिटर परिसरभित्र बनेका संरचना छ महिनाभित्र हटाइसक्न २०७५ वैशाख १६ मा जारी आदेश कार्यान्वयन गर्न सोमबार पुनः आदेश दिएको हो । महानगरको निर्णय बदर गर्दै सर्वोच्चले यस क्षेत्रभित्र निर्माण भएका संरचना भत्काउने बाटो खुला गरिदिएको छ ।

### महानगरको बेइमानी

तत्कालीन फेवाताल अध्ययन समितिले फेवातालको मापदण्ड ६५ मिटर कायम हुने प्रतिवेदन दिएको थियो । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले विश्वप्रकाश लामिछानेको संयोजकत्वमा २०६९ मा गठित उच्चस्तरीय समितिले फेवाताल अतिक्रमण गर्नेहरूको सूचीसमेत तयार पारेको थियो ।

२०७५ वैशाख १६ मा सर्वोच्च अदालतले फेवाताल संरक्षणका लागि अतिक्रमण गरेर निर्माण गरिएका संरचना भत्काउन सरकारका नाममा आदेश दियो । तर, महानगरले उक्त आदेश टेरेन । बरु उल्टै मापदण्ड नै घटाइदिए । तत्कालीन नगरप्रमुख मानबहादुर जिसीको कार्यकालको अन्तिम समयमा मापदण्ड फेरिएको थियो । उक्त क्षेत्रमा अहिले पनि भौतिक संरचना बनेका छन् ।

अधिवक्ता सुवेदीले दायर गरेको रिटमा आदेश जारी गर्दै ओमप्रकाश मिश्र र सपना मल्ल प्रधानको संयुक्त इजलासले २०६९ सालमा फेवातालको अतिक्रमण भएको जग्गा छानविन गर्न लामिछानेको संयोजकत्वमा गठित समितिको प्रतिवेदन कार्यान्वयन गर्दै फेवा क्षेत्रलाई जलाधार र वातावरण संरक्षण क्षेत्र घोषणा गर्न आदेश जारी गरेको थियो ।

तर, पोखरा महानगरपालिकाले फेवातालको मापदण्ड ३० मिटर कायम गरेपछि अधिवक्ता सुवेदीले २२ असार २०७९ मा सर्वोच्च अदालतमा रिट दिएका थिए । २०६५ सालमा नै सर्वोच्चले फेवाताल संरक्षणका लागि विभिन्न नौ वटा काम गर्नू भनी आदेश दिएको थियो । उसले छ महिनाभित्र फेवातालको चारकिल्ला कायम गर्नु, ताल अतिक्रमण गरी व्यक्तिका नाममा दर्ता भएको जग्गा एक वर्षभित्र बदर गर्नू र तालको ६५ मिटरभित्र कुनै संरचना बनाउन नदिनू भनी आदेश गरेको थियो ।

फेवाताल वरपर एक हजार ६९२ रोपनीभन्दा बढी जग्गा विभिन्न व्यक्तिले आफ्नो नाममा दर्ता गरेका छन् । जसअनुसार व्यवसायी कर्ण शाक्यको 'वाटरफ्रन्ट रिसोर्ट'सहित अन्य संरचना पनि हटाउनुपर्ने थियो । पछि व्यापारीहरूको चलखेलमा महानगरका तत्कालीन मेयर जिसीसहित जनप्रतिनिधिले मापदण्ड घटाएको आरोप लागेको थियो ।

पछि अदालतको अपहेलनाको रिट दर्ता भयो । सर्वोच्चमा मुद्दा विचाराधीन हुँदै गर्दा तत्कालीन मेयर जिसीले सीमाक्षेत्रको मापदण्ड घटाएका थिए । फेवाताल मिच्नेमा हजारभन्दा बढी व्यक्ति छन् । उनीहरूको नाममा लालपूर्जासमेत रहेको छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०२/२ मा दर्ता भएको **प्रा.लि. नं. ६१६९५०८** को **एडन एजुकेशन कर्नर प्रा. लि.**को मिति २०८०/०२/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

लिक्विडेटर: चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९

ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५

### बोलपत्रद्वारा गोलिया काठ/ दाउरा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति :२०८०/३/५**

यस सामुदायिक वनको स्वीकृत वन ब्यबस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालयको च.नं. २५१४ मिति २०७९/१२/२२ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भइ बाँकि रहेका गोलिया काठहरूलाइ डिभिजन वन कार्यालय, बाँकेको च.नं. ३४८३ मिति २०८०/३/१ गतेको समूह बाहिर बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल, अस्ना, धौटी, पानन जातका गोलिया थान ११० को ७९४.१० घ.फी. काठ साल दाउरा २.५० चट्टालाइ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग ले यो सूचना पहिलो पटक प्रकासित भएको मितिले २१औं दिन भित्र बोलपत्र खरीद गरी २२औं दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टास गरेको ब्यहोरा सम्बन्धित सवैलाई सूचित गरिन्छ ।

**श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह**

राप्तीसोनारी गा.पा. ३ बाँके


## कतारमा रोजगार UNIVERSAL SERVICES AND MAINTENANCE USM QATAR,

पुन: विज्ञापन पुर्व स्विकृति मिति: २०७९।१२।२३ चलानी नं. ६०१९९५७५ LT No 284284

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 05 | काममा दक्ष | 1000 | 36017 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: २०८० असार १२ गते (27 June 2023) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: निःशुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**

Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAR INTERNATIONAL TRADING COMPANY

पूर्व स्वीकृति मिति: २०८०/03/04 LT No.288071 चलानी नं.६०२०३३९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TURKISH CAFE BADR ABDULLAH AL SHARAI TO SERVE DRINKS

पूर्व स्वीकृति मिति: २०८०/03/03 LT No.287873 चलानी नं.६०२०३३४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विनेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**

Govt. License 1553/079/80

Budhanilkantha-9, Kathmandu, BAGMATI, Contact: 9847416116

Email: hiringalfaraz@outlook.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SYARIKAT TENAGA (GEMAS) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/03/04 LT. No. 288089 चलानी नं.६०२०३४२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LIM FASHION SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/03/04 LT. No. 288090 चलानी नं.६०२०३४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 5 | 1500 | ४३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AUSTRAL STAR SDN BHD

पूर्व स्वीकृति मिति २०८०/03/04 LT. No. 288091 चलानी नं.६०२०३४२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**

श्रम ईजाजत नं. ११९७/०७३/०७४

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820

Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com


Lumbini Province Government

Ministry of Physical Infrastructure Development

Transport Infrastructure Directorate

## Road Infrastructure Development Office,

Banke, Nepal

### Notice for Opening of Price Bid

Date of Publication: 2080/03/05 (20th June, 2023)

1) Pursuant of clause 31 (nga), Sub clause 5 of Public Procurement Regulation, 2064 (including addendum), this is to notify all the concerned bidders participated in the bidding of contracts published in http://www.bolpatra.gov.np/egp on 2080/02/03 (17 May 2023). The technical bids of following listed bidders for the contracts are substantially responsive.

2) All the substantially responsive bidders are notified to participate in opening of Price Bids scheduled on 2080/03/12 (27 June, 2023) 13:00 hours at the office of Road Infrastructure Development Office, Nepalgunj, Banke.

| S.N. | Contract Identification No | Description of Works | Qualified Bidders |
|---|---|---|---|
| 1 | RIDO/BANKE/W/NCB/JETHI NALA/BRI/56/0 79-80 | Jethi Nala RCC Bridge (Gijara) along Simalghari(Hulaki) - Gijara - Udarapur Road, Banke | 1. Malla Construction & Suppliers, Dailekh |
| | | | 2. M/S Sisne Construction Pvt. Ltd. Kathmandu |
| 2 | RIDO/BANKE/W/NCB/JETHI NALA/BRI/57/0 79-80 | Jethi Nala RCC Bridge (Bairahawa) Baijnath Rural Municipality -3, along BairahawaBankhet-Sasastra camp- Chisapani Road, Banke | 1. M/S MALLA-SHARADA J/V Tulsipur Dang |
| | | | 2. M/S Sisne Construction Pvt. Ltd.Kathmandu |

***Senior Divisional Engineer***


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CARE SALON CO FOR LADIES BEAUTY SPC

पुर्व स्वीकृति मिति २०८०/03/04 LT No :288088 चलानी नं. ६०२०३४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 7 | 140 | ५९,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**

श्रम ईजाजत नं. २५८/०५८/०५९

Sinamangal -9 Kathmandu, Tel : 01- 4110082, 9810-195400, 9813-951511

Email: career ganapati@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THREE SEASON TRADING COMPANY

पूर्व स्वीकृति मिति २०८०/03/04 LT. No. 288045 चलानी नं. ६०२०३३७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1400 | ४८,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 2 | 0 | 1400 | ४८,९३५ | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

कम्पनी : BRANCH OF HYUNDAI ENGINEERING COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०८०/03/04 LT. No. 288044 चलानी नं. ६०२०३३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SKY OVERSEAS SERVICES PVT. LTD.**

*"Right person in right place at right time"*

Govt. License 123/055/56

Maharajgunj-3, Chakrapath, Kathmandu Nepal

Tel: 01-4377666, 4370663, 4379034 (hunting line)

E-mail: hrd@skyoverseas.com, hrd1@skoverseas.com



## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIDL FAST FOOD BUFFET

पूर्व स्वीकृति मिति २०८०/01/25 पुन विज्ञापन स्वीकृति मिति २०८०/03/08 LT. No. 285606 चलानी नं. ६०२०१०६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIBWAT AL-KHAMIS INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति २०८०/02/22 पुन विज्ञापन स्वीकृति मिति २०८०/03/08 LT No.287204 चलानी नं. ६०२०२५९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Collection of Textile Product Labour | 8 | 0 | 1200 | ४१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHASAR ARABIAN CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/02/14 पुन विज्ञापन स्वीकृति मिति २०८०/03/08 LT. No. 286651 चलानी नं. ६०२०२०८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 3 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Operator | 1 | 0 | 1800 | ६२,९१५ | | | | | | | |

कम्पनी : RIADA COMPANY FOR CLEANING AND MAINTENANCE COMPANY ONE PERSON

पूर्व स्वीकृति मिति २०७९/10/24 पुन विज्ञापन स्वीकृति मिति २०८०/03/08 LT. No. 280733 चलानी नं. ६०१९६१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 27 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MASHREQEEN CORPORATION SERVICES FOR GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०७९/12/13 पुन विज्ञापन स्वीकृति मिति २०८०/03/08 LT. No. 283401 चलानी नं. ६०१९८८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Driver | 2 | 0 | 1800 | ६२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MASHREQEEN TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०७९/12/13 पुन विज्ञापन स्वीकृति मिति २०८०/03/08 LT. No. 283403 चलानी नं. ६०१९८८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Vehicle Driver | 3 | 0 | 1800 | ६२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 12 | 0 | 1800 | ६२,९१५ | | | | | | | |

कम्पनी : KINGDOM TECHNOLOGY GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०७९/11/29 पुन विज्ञापन स्वीकृति मिति २०८०/03/08 LT. No. 282447 चलानी नं. ६०१९७९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Unique Occupation Worker (Labour) | 4 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AHMED HUSSAIN AL SHAHI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८०/03/03 पुन विज्ञापन स्वीकृति मिति २०८०/03/08 LT. No. 287918 चलानी नं. ६०२०३३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maintenance Mechanic Technbician | 1 | 0 | 1800 | ६२,९१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1500 | ५२,४३० | | | | | | | |
| 3 | Pipe Fitter | 1 | 0 | 1500 | ५२,४३० | | | | | | | |

कम्पनी : AL-GEFTON TRADING & CONTRACTING CO.W.L.L

पूर्व स्वीकृति मिति २०७९/12/17 पुन विज्ञापन स्वीकृति मिति २०८०/03/08 LT. No. 283869 चलानी नं. ६०१९९१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४१,९४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electric | 1 | 0 | 1200 | ४१,९४५ | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३४,९५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

### बाढी पहिरोको वितण्डा

# ६ जनाको मृत्यु, २९ बेपत्ता

**काठमाडौं (प्रस)–** अविरल वर्षाका कारण जेठ ३१ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी एवं पहिरोमा परी सोमबारसम्म छ जनाको मृत्यु भएको छ । बाढी तथा पहिरोमा परी संखुवासभामा एक, ताप्लेजुङमा तीन, पाँचथरमा एक र नुवाकोटमा एक गरी जम्मा छ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । जसमध्ये पाँच पुरुष र एकजना बालिका रहेका छन् ।

साथै, बाढी एवं पहिरोमा परी संखुवासभामा तीन, ताप्लेजुङमा दुई र पाँचथरमा एक गरी जम्मा छ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको छ । बाढी पहिरोमा परी संखुवासभामा २१, ताप्लेजुङमा तीन र पाँचथरमा पाँचजना गरी जम्मा २९ जना बेपत्ता अझै बेपत्ता भएका प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले बताए । बेपत्ताको खोजी कार्य जारी रहेको पनि उनले बताए । बाढी एवं पहिरोका कारण ३५ घर, १० गोठ, १३ पुल, पाँच उद्योग र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ६७ वटा पशुचौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट ९७ घरपरिवार विस्थापित भएका छन् । साथै बाढी पहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कामसमेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा गर्नाका साथै विभिन्न स्थानमा भएको बाटो अवरोधसमेत प्रहरीले हटाउने कार्य गरिरहेको छ ।

## देउवा देशबाहिर...

पृष्ठ १ बाट जारी

टिकाउने रणनीतिको रूपमा मोर्चा गठन भएको अनुमान गर्नेहरूलाई सहज भएको हो ।

तर, दाहालले सोमबार राष्ट्रिय सभागृहबाट मोर्चाको निर्माण परिवर्तन उल्टचाउन खोज्नेहरूविरुद्ध युद्धको घोषणा भएको उद्घोष गरे । दाहाल परिवर्तन उल्टचाउन खोज्ने राजनीतिक शक्तिका रूपमा प्रमुख विपक्षी दल नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीलाई लिन्छन् ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले तत्कालीन नेकपाका अध्यक्षसहित प्रधानमन्त्री छँदा संसद् विघटन गरेपछि दाहालले प्रतिगामी र परिवर्तन उल्टचाउन चाहने नेता भएको टिप्पणी गर्दै आएका छन् । राप्रपा भने इतिहास बनेको राजतन्त्र फर्काउने र देशलाई फेरि हिन्दू राष्ट्र कायम राख्ने एजेण्डाधारी दल भएका कारण प्रधानमन्त्री दाहाल परिवर्तन उल्टचाउन खोज्ने अर्को शक्तिको रूपमा राप्रपालाई अर्थ्याउँछन् । यी दुई शक्तिका लागि मोर्चा चुनौती भएको दाहालको भनाइ छ ।

'७० वर्ष संघर्ष गरेर स्थापित भएको जनताको अधिकार खोसेर देशलाई प्रतिगमनतिर फर्काउन चाहनेहरूका लागि चुनौती हो,' दाहालले भने, 'यो मोर्चा तिनका विरुद्ध युद्धको घोषणा हो ।'

आफू कमजोर हुँदा मोर्चा बनाएर सत्ता वा बाहिर रहँदा शक्तिशाली भइरहने दाहालको रणनीति पुरानै हो । संविधान जारी हुनुभन्दा अघि पनि उनले २२ दलीय पहिचानवादी मोर्चा बनाएका थिए । जुन सत्ताको सौदाबाजीसँग सम्बन्धित थियो । अहिलेको मोर्चा पनि रूपमा समाजवादमा पुग्न एकीकृत भएको भनिए पनि सारमा सत्ताको सौदाबाजीसँग सम्बन्धित रहेको चर्चा हुन थालेको छ ।

प्रधानमन्त्री दाहालले समाजवादी मोर्चा घोषणा गरिरहँदा उनकै क्याबिनेटका शक्तिशाली मन्त्रीले भने सत्ता संकटमा परिसकेको संकेत गरेका छन् । कांग्रेसका कार्यवाहक सभापतिसमेत रहेका उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले वर्तमान सरकार र देशको अवस्थाबारे उल्लेख गर्दै सो संकेत गरेका हुन् ।

'मुलुकको अवस्था जटिल र तरल छ । मुलुकको अवस्थालाई वर्षौं-वर्षाको परिवर्तनलाई विभिन्न बहानामा पर्गल्याउने, तोड्ने र त्यसलाई भत्काउने प्रयास निरन्तर चलिरहेको छ,' सोमबार राष्ट्रिय सभागृहमा समाजवादी मोर्चा घोषणा हुँदै गर्दा कमलादीस्थित प्रज्ञा भवनमा ट्रेड युनियन कांग्रेसको कार्यक्रममा उनले भने ।

एकीकृत समाजवादीका सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले मोर्चालाई सत्ता टिकाउने अस्त्रको रूपमा प्रयोग नगर्न आग्रह गरे । उनले भने, 'यो मोर्चा सत्ता टिकाउने मोर्चामात्र नबनोस्, आमूल परिवर्तन गर्ने मोर्चा बनोस्, सम्पूर्ण वामपन्थीलाई एकताबद्ध बनाउने मोर्चा बनोस् ।'

खनालको यो भनाइले पनि कांग्रेसलाई थप दबाबमा राखेर सत्ता टिकाउने दाहाल जुक्ति भएको स्पष्ट संकेत गर्छ । तर, खनाल समाजवादी मोर्चाको खासमा विरोधी पनि थिए । किनभने उनी वामपन्थी शक्तिहरूबीच बृहत् ध्रुवीकरणको पक्षधर हुन् । उनका दलका अध्यक्ष माधवकुमार नेपालले भने प्रधानमन्त्री दाहालले जसरी सत्ता टिकाउने सर्तमा मोर्चा गठन नभएको बताए । एमाले अध्यक्ष ओलीलाई लक्षित गर्दै उनले भनेजसरी एमालेसँग मुकाबिला गर्न र कांग्रेसलाई तर्साउने नियत मोर्चा गठन नभएको पनि दाबी गरे । बरु, यथास्थितिवादी र प्रतिगमनकारी शक्तिविरुद्ध उभिन मोर्चा गठन गरिएको नेपालको तर्क छ ।

'यो (मोर्चा) कसैलाई तर्साउन पनि होइन, कसैको मुकाबिला गर्न पनि होइन । ढुक्क हुनुस्,' उनले भने, 'जुन शक्ति यथास्थितिवादी र प्रतिगमनको पक्षमा छ, त्यसविरुद्ध लड्न मोर्चा बनेको हो ।'

मोर्चामा संसद्मा प्रतिनिधित्व गरिरहेका प्रधानमन्त्रीको दल माओवादी, नेपालको दल नेकपा एकीकृत समाजवादी (एस)सँगै जनता समाजवादी पार्टी (जसपा) र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी छन् । यो सँगै मोर्चाको संघीय संसद्मा बलियो उपस्थिति देखिने भएको छ । हाल प्रतिनिधिसभामा माओवादीको ३२ सिट, जसपाको १२ र एकीकृत समाजवादीको १० सिट गरी कूल ५४ सिट भएको हो ।

सोमबार जारी गरिएको एक प्रतिबद्धतापत्रमा प्रधानमन्त्री दाहालसहित चारवटै दलका नेताहरूले हस्ताक्षर गरेका छन् । समाजवादको नेपाली बाटो तय गर्ने वाचा गरिएको सो प्रतिबद्धतापत्रमा वैज्ञानिक भूउपयोग नीति लागू गर्ने कुरा पनि उल्लेख छ ।

मोर्चाको नेतृत्व भने शीर्ष नेताहरूले आलोपालो गर्ने भनिएको छ । त्यसमा आबद्ध दलहरूको स्वायत्त अस्तित्व रहने भए पनि उनीहरूले मोर्चाको नीति, कार्यक्रम र उद्देश्यविपरीत गतिविधि नगर्ने भनिएको छ ।

जसपा अध्यक्ष उपेन्द्र यादवले मोर्चाको उद्देश्य गणतन्त्र र संघीयताजस्ता महत्त्वपूर्ण हकहरूको संस्थागत गर्नु रहेको बताए । उनका अनुसार लक्ष्यचाहिँ समाजवादमा पुग्ने रहेको छ । घोषणासभामा बोल्दै नेकपा महासचिव नेत्रविक्रम चन्दले भने आफूहरूले राष्ट्रिय स्वाधीनताको मुद्दामा कुनै सम्झौता नगर्ने बताए । त्यसका लागि पनि मोर्चाको आवश्यकता र औचित्य हुने उनको भनाइ छ ।

तर, मोर्चाको दिगोपनाबारे अहिलेदेखि नै प्रश्न उठ्न थालेको छ । कारण, विगतमा बनेका मोर्चा प्रभावकारी, औचित्यपूर्ण र टिकाऊ भएन ।

### सूत्रधार नै मोर्चाबाहिर !

२१ फागुनमा छिट्टै समाजवादी धाराका शक्तिहरूबीच बृहत् ध्रुवीकरण हुने बताएका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई सोमबार घोषणा भएको समाजवादी मोर्चामा अटाएनन् । उनलाई अलग्गै राखेर मोर्चाको घोषणा भएको छ । जबकि, भट्टराई मोर्चाको एक जना सूत्रधार हुन् । सूत्रधारलाई नै मोर्चाबाहिर राखिनुको एउटा कारणको रूपमा जसपा अध्यक्ष उपेन्द्र यादवसँग उनको 'टकराव'को रूपमा हेरिएको छ ।

हुन पनि भट्टराई यादवसँगको टकरावकै कारण जसपाबाट अलग भएको धेरै भएको छैन । उनीहरूबीच राम्रो सम्बन्ध नभएको स्रोत बताउँछ । तर, जसपा प्रवक्ता मनिष सुमनले अध्यक्ष यादवसँगको सम्बन्धले डा. भट्टराई मोर्चामा सहभागी नभएको विषय सत्य नभएको बताए ।

'उहाँ (डा. भट्टराई) हाम्रो दलका अध्यक्षसँगको टकरावले मोर्चामा नआएको भन्ने सही होइन । यो सरासर झुट हो । उहाँ के कारणले आउनुभएन ? मैले भन्ने कुरा होइन । उहाँकै कुरा हो,' सुमनले भने । डा. भट्टराई मोर्चामा सहभागी नहुनुका कारणबारे भने केही खुलाएका छैनन् ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : QUADRANT ELITE FORCE SDN BHD
पुर्व स्वीकृति मिति २०८०/०३/०४ | LT No :288000 | चलानी नं. ६०२०३३५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Workers | 6 | 0 | 1500 | ४२,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : QUADRANT ELITE FORCE SDN BHD
पुर्व स्वीकृति मिति २०८०/०३/०३ | LT No :288001 | चलानी नं. ६०२०३३५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 8 | 0 | 1500 | ४२,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60
**TRANS WORLD Manpower CO.(P) Ltd.**
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL QUBA TRADING AND SERVICES
पुर्व स्वीकृति मिति २०८०/०३/०३ | LT. No.287966 | चलानी नं. ६०२०३३५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor Services | 0 | 4 | 1300 | ४७,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Catering | 0 | 2 | 1200 | ४३,४७० | | | | | | | |
| 3 | G. Clean Worker | 0 | 1 | 1100 | ३९,८५० | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 1100 | ३९,८५० | | | | | | | |
| 5 | Customer Services | 0 | 1 | 1600 | ५७,९६५ | | | | | | | |
| 6 | Executive Secretery | 0 | 1 | 2100 | ७६,०७५ | | | | | | | |
| 7 | Salesman | 0 | 2 | 1300 | ४७,०९५ | | | | | | | |
| 8 | Hotel Service | 0 | 2 | 1300 | ४७,०९५ | | | | | | | |
| 9 | Labor | 5 | 0 | 1000 | ३६,२२५ | | | | | | | |

कम्पनी : FALCON INDUSTRIAL SOLUTIONS
पुर्व स्वीकृति मिति २०८०/०३/०३ | LT. No.287957 | चलानी नं. ६०२०३३५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Instal Technician/technician | 2 | 0 | 1000 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GREEN PARK PROJECTS
पुर्व स्वीकृति मिति २०८०/०३/०४ | LT. No.288024 | चलानी नं. ६०२०३३५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 6 | 0 | 1000 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

कम्पनी : AL TAREEK AL MUNEER CLEANING & HOSPITALITY
पुर्व स्वीकृति मिति २०८०/०३/०४ | LT. No. 288022 | चलानी नं. ६०२०३३४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 2 | 1200 | ४३,४७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 0 | 2 | 1500 | ५४,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापचन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४
**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : K B HEALTH INSTITUTE COMPANY FOR MEN
पुर्व स्वीकृति मिति : २०८०/०३/०३ | LT. No. 287934 | चलानी नं.६०२०३३३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Therapist Masseur | 4 | 0 | 150 | ६४०३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AL ABDULRAZZAQ FOOD COMPANY
पुर्व स्वीकृति मिति : २०८०/०३/०४ | LT. No. 288035 | चलानी नं.६०२०३३६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 2 | 0 | 85 | ३६२८८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Waitress | 3 | 0 | 120 | ५१२३१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FUTURE MOBILITY COMPANY FOR LOGISTICS SERVICES
पुर्व स्वीकृति मिति २०८०/०३/०४ | LT No.287991 | चलानी नं.६०२०३३६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266,
985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REMAL FIRST CLASS
पुर्व स्वीकृति मिति २०८०/०३/०३ | LT. No. 287973 | चलानी नं. ६०२०३३९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 0 | 2 | 1000 | ३६,000 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1218/074/075
**Mansur Manpower Pvt.Ltd.**
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9869078928/9801101714/9813536694
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EFADAH RECRUITMENT COMPANY
पूर्व स्वीकृति मिति २०७८/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०४ | LT. No. 250900 | चलानी नं. ६०१५६२३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 35 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BUILDING CONVOYS EST FOR CONTRACTING
पुर्व स्वीकृति मिति २०८०/०३/०४ | LT. No. 287939 | चलानी नं.:६०२०३३५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office & facility Cleaning Worker | 4 | 0 | 1000 | ३५,१६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Utensil Cleaner | 5 | 0 | 1000 | ३५,१६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाःरु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचनाको भूल सुधार सम्बन्धमा

प्रकाशित मिति २०८० साल आषाढ महिना ०५ गते मंगलबार

मिति २०८०/०२/३१ गते बुधबारका दिन प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा यस विकास बैंक लि. बाट प्रकाशित गरिएको कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचनाको नं. ३ मा ऋणी चाँदनी जानकी किराना पसल र सोही ऋणीको व्यक्तिगत धनजमानीहरुको विवरण देहाय बमोजिम हुनु पर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

शाखा कार्यालय : लम्की — कर्जा शिर्षक : साना उद्यम कर्जा

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|
| **नाम : चाँदनी जानकी किराना पसल**<br>प्रोप्राईटरको नाम : जानकी रावल<br>दर्ता नं. : ३०३३७/०७७/०७८<br>दर्ता मिति : २०७७/१०/२७<br>स्थायी लेखा नं. : ६१५१९२५८१<br>दर्ता गर्ने कार्यालय : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलाली<br>ठेगाना : कैलाली जिल्ला टिकापुर नगरपालीका वडा नं. १ | १. नाम : जानकी रावल<br>बाबुको नाम : हर्क बहादुर रावल<br>पतिको नाम : पदम बहादुर बयक<br>ससुराको नाम : नयाँराम बयक<br>स्थायी ठेगाना : अछाम जिल्ला पुल्लेतोला गा.बि.स. वडा नं. ०५<br>हालको ठेगाना : कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ०१<br>ना.प्र नं. : २२३४९<br>जारी मिति र जिल्ला : २०५८/१२/२७, अछाम |

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

| | |
|---|---|
| **२. नाम : पदम बहादुर बयक**<br>बाबुको नाम : नयाँ राम बयक<br>बाजेको नाम : खैरे बयक<br>स्थायी ठेगाना : अछाम जिल्ला भैरबस्थान गा.बि.स. वडा नं. ०९<br>हालको ठेगाना : कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ०१<br>ना.प्र नं. : २९८७७<br>जारी मिति र जिल्ला : २०६०/१२/२०, अछाम | **३. नाम : प्रकृती बिक्रम शाही**<br>बाबुको नाम : उपेन्द्र बिक्रम शाही<br>बाजेको नाम : मनि जंग शाही<br>स्थायी ठेगाना : बाजुरा जिल्ला जुकोट गा.वि.स वडा नं. ०४<br>हालको ठेगाना : कैलाली जिल्ला :टिकापुर न.पा. वडा नं. ०१<br>ना.प्र नं. : ३८५६<br>जारी मिति र जिल्ला : २०६३/०१/२१, काठमाडौ |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Central Office: Kathmandu Plaza, Kamaladi, Kathmandu
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np,
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

# सम्पादकीय

## दाहालको ताउरमाउर

**प्रधानमन्त्री पुष्पकमल दाहालले अन्ततः समाजवादी मोर्चा घोषणा गरेका छन्। दायाबायाँ दुई पूर्वप्रधानमन्त्रीलाई राखेर दाहालले सत्तामा बार्गेनिङ पावर बढाउन राष्ट्रिय सभागृह पुगेर मोर्चाको घोषणा गर्दा हलमा टेक्ने ठाउँ थिएन । बिहानै एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल ठुस्किएपछि दाहाल पूर्वका बाढीग्रस्त क्षेत्र अवलोकन गर्न निस्के । फर्केपछि खनालसँग एकीकृत समाजवादीका माधव नेपाललाई पनि लिएर दाहाल राष्ट्रिय सभागृह पुगे ।**

**दाहालले मोर्चामा आफ्नै पार्टीबाट चोइटिएर गएका नेत्रविक्रम चन्दलाई पनि अटाएका छन् । डा. बाबुराम भट्टराई आएका भए सत्ताको नेतृत्व गरिसकेका चार जना यो मोर्चामा हुन्थे । तर, भट्टराईलाई जनता समाजवादी पार्टीका उपेन्द्र यादवले रोकेको बताइन्छ । नयाँ शक्ति भन्दै ठाउँगाउँ चहारे पनि केही सीप नलागेपछि आफ्नै निर्वाचन क्षेत्र दाहाललाई जिम्मा लगाएका भट्टराईले सायद मोर्चा बनोस् भनेर बाटो खाली गरिदिएका होलान् । केही दिनअघिमात्र गेरुवस्त्र धारण गरेका दाहाल पशुपतिमा पनि पुगे । धार्मिक बनेको केही दिनमै मोर्चा सम्हाल्दै दाहालले देशलाई प्रतिगमनतिर लैजानेविरुद्ध युद्धको घोषणा भएको बताएका छन् ।**

**दाहाल यस्ता व्यक्ति हुन् जसले आफूलाई अप्ठेरो पर्नेबित्तिकै विभिन्न साना दललाई जुटाएर 'बार्गेनिङ टुल' बनाउँछन् । शक्तिहीन बनिसकेका उनका सहयात्रीलाई पंखा हम्काउन पाए पुगिहाल्यो । आइहाल्छन् साथ दिन ।**

**कांग्रेस सभापति शेरबहादुर देउवा सत्ता गठबन्धनको प्रमुख शक्ति हुन् । अहिले कांग्रेसका नेताहरूको दौडधुप चर्किएको छ । देउवा उपचारका लागि सिंगापुर छन् । देउवाअघि कांग्रेसका नेता डा. शेखर कोइराला पनि सिंगापुर पुगेका थिए । कांग्रेसका नेताहरूले सरकार परिवर्तनको संकेत दिइरहँदा दाहालले मोर्चा घोषणा गरेर आफ्नो 'ब्यारेक' बलियो भएको संकेत गरेका हुन् । दाहालले आफूलाई कमान्डरको रूपमा घोषणा गर्दा उनका सहयोगीहरू भने खासै बलिया देखिन्नन् । दाहालको एउटै तुक हो– माधव नेपालहरूलाई एमालेमा मिल्न नदिनु । त्यही शक्ति देखाएर केपी शर्मा ओली र शेरबहादुरहरूलाई तर्साइराख्नु । माधव नेपालहरूको आफ्नै विवशता छ, पार्टी जोगाइराख्नु कि आफ्नो साख । यही मौकामा दाहालले ताउरमाउर देखाएका हुन् मोर्चाको । जताबाट हेरे पनि मोर्चा ५४ सिटभन्दा बलियो छैन । मोर्चाका अनुहार हेर्ने हो भने जुनसुकै बेला टुटफुट हुने र असन्तुष्टि पोख्नेहरूकै बोलवाला छ । त्यसैले दाहालको यो तरिका 'नमच्चिने पिङको सय झड्का'झैं बन्ने त हैन ?**

# निष्पक्षताको कडीमा लोकसेवा आयोग



**▶▶ महेन्द्रप्रसाद गुरागाईं**

आयोगले निष्पक्षताका लागि काठमाडौंबाहिरका कार्यालयका राजपत्र अनंकित पदको विज्ञापनको एउटा कोड राख्ने कार्य केन्द्रीय कार्यालयबाट गराई परीक्षा गर्ने कार्यालयबाहेक केन्द्रीय कार्यालयले तोकेको अन्य कार्यालयबाट गराउने व्यवस्था छ । लिखित परीक्षा तथा अन्तर्वार्तामा केन्द्रीय कार्यालयबाट केन्द्रीय प्रतिनिधि खटाई केन्द्रीय प्रतिनिधिको रोहवरमा परीक्षासम्बन्धी कार्यसम्पादन गर्ने व्यवस्था मिलाइएको छ । प्रत्येक अन्तर्वार्तामा विषयविज्ञ वा कुनै एक सदस्य बाहिरबाट लिने व्यवस्था गरी अन्तर्वार्ता सञ्चालन हुन्छ ।

नेपालमा नेपाल सरकार अन्तरिम शासन विधान, २००७ ले सरकारको भर्ना निकाय र निजामती कर्मचारीहरूलाई विभागीय कारबाहीका लागि परामर्श उपलब्ध गराउने निकायका रूपमा लोकसेवा आयोगको व्यवस्था गरेबमोजिम २००८ असार १ गते आयोगको स्थापना भएको हो । नेपालमा त्यसपछि जारी भएका सबै संविधानहरूले आयोगको व्यवस्थालाई निरन्तरता दिएका छन् । यद्यपि, आयोगको भूमिकामा भने जारी संविधानहरूमा थपघट भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०१५ ले निजामती कर्मचारीहरूको सेवा सर्तसम्बन्धी कानुनअनुसार परामर्श उपलब्ध गराउने तथा नेपालको संविधान, २०१९ ले सरकारको स्वामित्वमा भएका संगठित संस्थाहरूलाई समेत परामर्श उपलब्ध गराउने गरी जिम्मेवारी थप गरेको थियो । २०१९ सालमा जारी संविधानले व्यवस्था गरेका नेपाल अधिराज्यको संविधान, २०४७ मा भने संगठित संस्थाहरूलाई परामर्श दिनेसम्बन्धी व्यवस्थालाई निरन्तरता दिइएको थिएन ।

नेपालको अन्तरिम संविधान, २०६३ ले सुरक्षा निकाय र अन्य सरकारी सेवामा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तका सम्बन्धमा लोकसेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरियो भने नेपालको वर्तमान संविधानले आयोगलाई सुरक्षा निकायहरू र ५० प्रतिशतभन्दा बढी सरकारी स्वामित्व भएका संगठित संस्थाहरूको निमित्त उपयुक्त उम्मेदवार छनोटका लागि लिखित परीक्षा लिने र त्यस्ता संस्थाहरूको कर्मचारी प्रशासनसम्बन्धी सिद्धान्त एवं नीति-नियम बनाउने कार्यमा परामर्श दिने कार्यादेश थप गरेको छ । हाल वर्तमान संविधानद्वारा प्रदत्त काम, कर्तव्य र जिम्मेवारी आयोगले वहन गरिरहेको छ ।

नेपालको संविधानले निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य तोकिएको छ । यस्तै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोकसेवा आयोगको परामर्श लिनुपर्ने तथा संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका सर्तसम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोकसेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ । यसका अलावा लोकसेवा आयोगको परामर्श लिनुपर्ने अन्य विषयहरूसमेत समावेश गरी नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा लोकसेवा आयोगको परामर्शविना स्थायी नियुक्ति नगरिने सुनिश्चितता संविधानले गरेको छ ।

लोकसेवा आयोगका कामहरू र तिनको सञ्चालन लोकसेवा आयोग ऐन, २०७९, लोकसेवा आयोग नियमावली, २०७९ र अन्य कार्य सञ्चालन कार्यविधि र निर्देशिकाहरूमा उल्लेख गरिएबमोजिम हुँदै आएका छन् । परिवर्तित वातावरणअनुरूप सान्दर्भिक र प्रभावकारी हुनेगरी आयोगको संरचना र भूमिकामा सात दशकदेखि सुधार गरिँदै आएको छ ।

आयोगले आफ्नो स्थापनाकालदेखि नै निष्पक्षता, स्वच्छ, विश्वसनीय र स्थिररूपमा काम गर्दै आएको छ । संघीय संरचनामा रहेका विभिन्न सुरक्षा निकायहरू तथा संगठित सार्वजनिक संस्थाहरूमा सेवा दिनुपर्ने गरी यसको यस आयोगको कार्यक्षेत्रमा व्यापक विस्तार गरिएको छ । यस अर्थमा राज्यको संरचनामा संविधान निर्माणकर्ता एवं यसका सरोकारवाला एवं सेवाग्राही संस्थाहरूबाट यस आयोगलाई बढी विश्वास र भरोसा गरिएको पाइन्छ ।

आयोगको स्थापनादेखि हालसम्मको अवस्थामा आइपुग्दा आयोगले उम्मेदवार छनोटका विभिन्न परीक्षण विधिहरूको अवलम्बन गर्दै आवश्यक परिमार्जनका साथ अगाडि बढिरहेको छ । आयोगको दरखास्त प्रणाली अनलाइन भएको छ । उम्मेदवार छनोटका लागि परीक्षा लिने काम तथा तिनको नतिजा प्रकाशन गर्नेसमेतका कार्य पूर्वप्रकाशित वार्षिक क्यालेण्डरअनुसार हुने गरेको छ । आयोगले रिक्त पदमा उम्मेदवारहरूको छनोटका लागि पदको सेवा/समूह प्रकृति र श्रेणी एवं संगठनको कार्य प्रकृतिअनुरूप विभिन्न परीक्षण विधि र प्रक्रिया अवलम्बन गर्दै आएको छ । यस्तै उच्च तहका पदहरूमा उम्मेदवार छनोटका लागि लिखित परीक्षाका उत्तरपुस्तिकालाई दोहोरो परीक्षण (दुई जना विज्ञबाट परीक्षण गराइने) को व्यवस्था, विज्ञहरूको रोस्टर विस्तार, विज्ञहरूलाई अभिमुखीकरण गर्ने व्यवस्था, राजपत्र अनंकित प्राविधिक पदको निमित्त विषयगत लिखित परीक्षाको व्यवस्था, वस्तुगत परीक्षामा ओएमआर प्रविधिको प्रयोगजस्ता विभिन्न सुधारका प्रयासहरू निरन्तर भइरहेका छन् ।

लोकसेवा आयोगले निजामती तथा सार्वजनिक सेवाका विभिन्न पदहरूमा पदपूर्तिसम्बन्धी क्रियाकलापहरूको वार्षिक कार्यतालिका सम्बन्धित आर्थिक वर्षको पहिलो दिन अर्थात् प्रत्येक वर्षको श्रावण १ गते आयोगको वेबसाइटमा सार्वजनिक गर्दछ । सामान्यतया आयोगका पदपूर्तिसम्बन्धी काम कारबाहीहरू सोही कार्यतालिकामा आधारित भई सञ्चालन हुन्छन् । यस्तै आयोगले आयोगको वेबसाइटमा सबै सेवा समूहको पदअनुसार आवश्यक पर्ने योग्यता तथा सो पदको परीक्षाको पाठ्यक्रमसमेत प्रकाशन गर्ने गरेको छ ।

यसरी माथि उल्लेख भएअनुसार नेपालको संविधानले लोकसेवा आयोगलाई दिएको भूमिका निष्पक्षरूपमा निर्वाह गर्न हालसम्म आयोग सफल रहेको छ । यसका पछाडि थुप्रै कारकतत्व रहेका छन् । आयोगले पदपूर्तिका सम्बन्धमा योग्यताको सिद्धान्त अवलम्बन गरी आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा उच्चतम अंक प्राप्त गरी अग्रस्थानमा रहेका उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्दछ । सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रमबमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान हुने विश्वास गरिन्छ । यसैगरी उम्मेदवारको छनोट प्रक्रियामा आयोगले निष्पक्षताको सिद्धान्त, स्वच्छताको सिद्धान्त, समान अवसरको सिद्धान्त, समावेशिताको सिद्धान्त, परिचय-शून्यताको सिद्धान्त, गोपनीयताको सिद्धान्तजस्ता विभिन्न सिद्धान्त अवलम्बन गर्ने व्यवस्था मिलाएको छ । योग्यता, निष्पक्षता, स्वच्छता आयोगको मूल्य-मान्यता रहिआएको छ ।

नेपालको संविधानमा उल्लिखित लोकसेवा आयोगका संवैधानिक अधिकारहरूको प्रचलनका लागि आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हाल प्रयोग गर्दै आएका मुख्य कानुनी व्यवस्थामा नेपालको संविधान, लोकसेवा आयोग ऐन, २०७९ तथा लोकसेवा आयोग नियमावली, २०७९ तथा लोकसेवा आयोग (कार्य सञ्चालन) निर्देशिकाहरूको अतिरिक्त निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५, व्यवस्थापिका-संसद् सचिवालयसम्बन्धी ऐन, २०६४, व्यवस्थापिका-संसद् सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५, विभिन्न सेवा, समूह सञ्चालनसम्बन्धी प्रचलित ऐन र नियमावलीहरू तथा संगठित संस्थाका कर्मचारीका सेवाका सर्तसम्बन्धी कानुन, बढुवा र विभागीय कारबाहीसम्बन्धी सामान्य सिद्धान्त, २०७४, सुरक्षा निकाय तथा संगठित संस्थाहरूसँग सम्बन्धित ऐन, नियम, विनियमावलीहरू आदि पनि रहेका छन् ।

आयोगले प्रचलित कानुनका आधारमा आफ्ना काम कारबाही अगाडि बढाउने र आयोगको लामो अवधिको काम कारबाहीको अनुभवका आधारमा आयोगले परीक्षा पद्दतिमा निष्पक्षता कायम गर्न नेपालको संविधान, लोकसेवा आयोग ऐन तथा नियमावलीका व्यवस्थाका आधारमा विभिन्न प्रक्रियागत व्यवस्थाहरू आयोगको कार्य सञ्चालन निर्देशिकामा निर्दिष्ट गरेको छ । आयोगले निर्देशिकामा प्रचलित कानुनबमोजिम प्रतिशत निर्धारण, दरखास्त संकलन र स्वीकृति, प्रश्नपत्र निर्माण र परिमार्जन, लिखित परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा संकेत राख्ने विधि, लिखित नतिजा प्रकाशन, अन्तर्वार्तापूर्वका अन्य परीक्षा सञ्चालन, अन्तर्वार्ता र सिफारिसलगायतका कार्यविधिगत व्यवस्थाहरू समेटेको छ । यी व्यवस्थाहरू आयोगले अवलम्बन गरी आएका सिद्धान्तमा आधारित र यति वैज्ञानिक छन् कि कसैले पनि निष्पक्षतालाई दखल पुग्ने कुनै पनि काम कारबाही चाहेर पनि गर्न सक्दैन । आयोगले परीक्षासँग सम्बन्धित सबै कार्य नियन्त्रण र सन्तुलनको पर्याप्त व्यवस्था गरेको छ । काम कारबाहीका सिलसिलामा कुनै कैफियत हुनसक्ने शंका मात्र उत्पन्न भएमा पनि तत्काल आयोगमा आवश्यक छलफल गरी त्यसको उपचार विधिको तय आयोगबाट हुने गरेको छ । यसले गर्दा नै आयोगको काम कारबाही हालसम्म निष्पक्ष हुनसकेको हो भनी भन्न सकिने अवस्था सिर्जना हुनसकेको हो ।

आयोगले मागको संकलन भएपछि प्रचलित कानुनबमोजिम प्रतिशत निर्धारण गर्दा आयोगले तयार गरेको सूत्रका आधारमा माग प्राप्त भएको मितिका आधारमा गर्ने गरिएको छ । विज्ञापित पदको पाठ्यक्रम निर्धारणलगायत आयोगका अन्य जुनसुकै कार्यसम्पादन गर्दा विज्ञ सेवा लिने गरिएको छ । पूर्वप्रकाशित वार्षिक कार्यतालिकाबमोजिम निर्धारित मितिमा अनिवार्यरूपमा विज्ञापन प्रकाशन हुन्छ । विज्ञापनमा निर्धारित समयमा परीक्षा सञ्चालन गरिन्छ ।

लिखित परीक्षा सम्पन्न भएपछि दोहोरो संकेत (कोड) लगाउने व्यवस्था छ । पहिलो र दोस्रो कोड आयोगका सचिवले तोकेको फरक-फरक कर्मचारीबाट गराउने व्यवस्था छ । दोस्रो कोडको आधारमा उत्तरपुस्तिका परीक्षण गराइन्छ र सोही कोडका आधारमा नै लिखित परीक्षाको अन्तिम नतिजा स्वीकृत भएपछि मात्र डिकोड गरिन्छ अर्थात् लिखित परीक्षाको नतिजा हुँदासम्म कुन उम्मेदवार हो भन्ने नाम थाहा नहुँदै नतिजा तयार हुन्छ र उत्तीर्ण उम्मेदवारको मात्र डिकोड हुन्छ । नतिजामा समावेश भएका उम्मेदवारबाहेक अन्य उम्मेदवार को हुन् भन्ने जानकारी नतिजा तयारीमा बस्ने कर्मचारीले समेत थाहा नपाउने व्यवस्था मिलाइएको छ । उम्मेदवारले लिखित परीक्षामा प्राप्त गरेको अंक कोडमा नै राखिन्छ । यसले गर्दा लिखित परीक्षाको नतिजाको सूचना प्रकाशन गर्ने कर्मचारीले ती उम्मेदवारले कति अंक ल्याएर लिखित परीक्षाबाट छनोट भएका हुन् भनेर थाहा पाउन सक्दैनन् किनभने यी हरेक कामका लागि अलग-अलग कर्मचारीलाई जिम्मेवारी दिइएको हुन्छ । अन्तर्वार्ता परीक्षा सम्पन्न भएपछि अन्तिम सिफारिस नतिजा प्रकाशनका समयमा मात्र डिकोड गरी योग्यताक्रम अनुसार सिफारिस गर्ने व्यवस्था रहेको छ ।

आयोगले निष्पक्षताका लागि काठमाडौंबाहिरका कार्यालयका राजपत्र अनंकित पदको विज्ञापनको एउटा कोड राख्ने कार्य केन्द्रीय कार्यालयबाट गराई परीक्षा गर्ने कार्यालयबाहेक केन्द्रीय कार्यालयले तोकेको अन्य कार्यालयबाट गराउने व्यवस्था छ । लिखित परीक्षा तथा अन्तर्वार्तामा केन्द्रीय कार्यालयबाट केन्द्रीय प्रतिनिधि खटाई केन्द्रीय प्रतिनिधिको रोहवरमा परीक्षासम्बन्धी कार्यसम्पादन गर्ने व्यवस्था मिलाइएको छ । प्रत्येक अन्तर्वार्तामा विषयविज्ञ वा कुनै एक सदस्य बाहिरबाट लिने व्यवस्था गरी अन्तर्वार्ता सञ्चालन हुन्छ । अन्तर्वार्तामा मापदण्डमा निर्धारण गरेबमोजिम एकापसमा सल्लाह नगरी स्वतन्त्ररूपमा अंक दिइन्छ । अन्तर्वार्तामा बस्ने प्रत्येक सदस्यको अंकको औसत अंकमात्र अन्तिम नतिजामा जोडिन्छ । यसरी हरेक तरहले निष्पक्षता कायम गर्ने विधि आयोगले अवलम्बन गर्दै आएको छ । आयोगले अवलम्बन गरेका सिद्धान्तको अनिवार्य पालना हुने व्यवस्था छ । परिचय-शून्यताको सिद्धान्त तथा गोपनीयताको सिद्धान्तले गर्दा निष्पक्षताको कसीमा लोकसेवा आयोग अब्बल रहन सकेको हो भन्नु अतिशयोक्ति नहोला । *रासस*

***(लेखक लोकसेवा आयोगका पूर्वसचिव हुन्)***

## मननयोग्य

### चाणक्य नीति

चाणक्यने सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हांस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँछ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा होस् स्वाभाविक हो महात्मा !'

होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन। शोक अर्काका लागि उपहास बन्छ हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा जस्तै कठोर तिमीले बन्नुपर्छ ।

म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ ।'

'हेर राजाले सर्पसँग खेल्नुपर्छ । राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछि मात्र कीर्ति पाउँछ जो राजर्षि बनी देशको सेवा गर्छ उसले गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ । राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ ।

आज राति तिमी सुत्ने छैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ ।'

एउटा अर्को कुरामा अरू ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु । राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो ! जुन शासकले विषपान गरी अमृत ओकल्दछ त्यहीं राजाने राज्यको सञ्चालन राम्ररी गर्न सक्छ ।

चाणक्य र चन्द्रगुप्तको बीच गोप्य कुरा भइरहेथ्यो । यत्तिकैमा कसैको आउने सूचनाको घन्टी बज्यो । चाणक्य सतर्क भए । विशेष यन्त्रले प्रमुख प्रहरीसँग आउन लागेको मानिस को रहेछ सोधेँ । प्रहरीले कुनै सिकारी आफ्नो नाउ वनराज भन्ने बताउँछ भन्यो । पानी खतराबाट माथि छ, चाणक्यले सम्मानसहित लिएर आऊ भनी अह्राए । आउने व्यक्ति चाणक्यद्वारा प्रमुख गुप्तचर त्रिनेत्र थिए । क्रमश:

# 'राष्ट्रियतामाथि सामूहिक बलात्कार !'




देशमा संसद् छ । टन्न सांसद पनि छन् । हरेक महिना हाजिर गरेर तलब भत्ता पनि खान्छन् । अरु बेला सभाकक्षमा नगए पनि आफ्नो बोल्ने पालो आउने दिन आफूले पालेका दुई-चार जना पत्रकारसमेत बोकेर संसद् भवन पुग्छन् । रोस्ट्रममा पुगेर भए नभएका कुरा पनि गर्छन् ।

आज छविलालहरू मुट्ठी कसेर मोर्चाबन्दीमा जुटे । तर, यिनीहरू जुटेर देश र जनताले के पाउँछ ? जनतालाई पत्तै छैन । हिजो यिनीहरू फुट्दा देशलाई के नोक्सानी भयो ? त्यो पनि जनतालाई पत्तै छैन । जे होस् संसदीय व्यवस्थामा मोर्चारूपी मण्डले संस्कृति मौलाएको छ । तिनका लिदी भरिएको दिमागलाई साधुवाद भन्नुपर्छ ।

देश आर्थिक संकटमा छ । भौतिक संकटमा त पहिलेदेखि नै परिरहेको हो । राष्ट्रियता संकट पर्दा जनता जाग्ने गर्दथे ऊ बेला । बैरीसँग खुकुरी तेर्स्याएर लड्न जान्थे । अहिले त त्यस्तो कहाँ हुन्छ र ? एकादेशको कथा जस्तै हो । राष्ट्रियता संकट परोस् कि देश संकटमा परोस् आफू भने कहिल्यै संकटमा पर्नुभएन ! कसको बाउको बिर्ता हो र सके लुट्ने नसके फुट्ने । 'लेण्डुप' बन्न के भो र आफ्नो कुरा मिलेपछि ! मान्छेको जिन्दगी मरेपछि के हो के हो ? जे गर्ने हो अहिले नै गर्ने हो ।

समयमा नगरेपछि परिन्छ । त्यही भएर सकेजति अहिले नै गरिन्छ भन्छन् । बाघको अनुहार देखाउने स्यालाहरू !

'यो संसद् भनेको खसीको टाउको देखाएर बाख्राको मासु बेच्ने ठाउँ हो' कुनैबेला छविलालबाट आएका शब्दजाल यस्तै थिए अरे । आखिर संसद् भनेको खसीको टाउको देखाएर बाख्राको मासु बेच्ने ठाउँ भएपछि छविलालहरू किन त्यही पुगेका होलान् ? किन त्यहाँ पुग्नका लागि मरिहत्ते गरेका होलान् ।

आजकल ढिकुरे पोखरीका माइला बाले सोध्ने गर्छन्, 'हैन ए जेठा पहिले-पहिले छेपारोले रूप फेरेजस्तै नाम फेर्थिस् । आजकल त रूप र विचार नै फेर्न थालिस् त के भाको हो ? ढिकुरे काकाले छविलालसँग कुरा त राखे तर जवाफ भए पो दिनु । घोसेमुण्टो लगाएर बसेको छ, छविलाल । बोल्न पनि आँट नै छैन । ९५ वर्षले खाइसकेका माइला बा बरु टोलै थर्किने आवाजले बोल्न सक्छन्, सोध्न सक्छन् ? किनकि, माइला बालाई ढिकुर पोखरीको निकै मायाले सताउँछ रे ?

त्यही भएर कहिलेकाहीँ ढिकुर पोखरीको पल्ला गाउँमा उत्तरतिरका छिमेकी आएर काल्ला तास्दा माइला काका आँगनको डिलमा बसेर घोक्रो फुट्नेगरी कराउँदै टिलिक्क टल्कने भोजपुरे खुकुरी तेर्स्याउँछन् रे अझै पनि । तर, कहिले कल्याण, कहिले विश्वास र कहिले निर्माणको नाम फेर्दै हिँडेका छविलालले राष्ट्रियता संकट परे पनि लट्ठी पनि तेर्स्याउने आँट गरेका छैनन् । त्यही भएर आजकल ढिकुरे माइला बाले पत्याउन छाडिसकेँ भन्छन् ।

आजकल खोप्लाङका भट्टराई हुन् कि गौरका ब्राह्मण नेपाल हुन् । कसैलाई पनि राष्ट्रको माया देखिएको छैन । अशोकग्राममा देउवा, साँखेजुंगका खनालर इवा तेह्रथुमका ओलीको त कुरै नगरौं । सत्ताका लागि लिसो जस्तै टाँसिएर बस्छन् । देश बनाउछु, जनताको मन जित्छु भनेर संघर्ष गरेका यी ब्राह्मणहरूले आफूले लगाएको धोती फुस्काएर लंगौटी पो देखाइदिए ।

गोरुलाई धोएर गाई बन्ने भए त यिनीहरूले मज्जाले भारतमा उत्पादन भएको हररर बास्ना आउने स्याम्पुले लेपेर भए पनि धोएर भए पनि गाई बनाइदिन्थे । तर, यी पाँच पाण्डवबाट आश गर्नु नै बेकार छ । ४६ सालसम्म मण्डलेले लुट्नु लुटेका थिए । अहिले यी पाण्डवरूपी मण्डलेहरूले देश नै खोक्रो पारिसके । छिमेकीले सांस्कृतिक हस्तक्षेप गरोस् कि सिमानामा कोदाली लगायोस् चुँसम्म पनि गर्दैनन् । आँट र हिम्मत नभएपछि छेपारोले रङ फेरेजस्तो फेर्न यिनीहरूलाई के फरक पर्छ र ? आफूलाई राजा ठान्ने जनतालाई दास मान्ने प्रवृत्तिबाट उठ्न नसकेर आफ्नै राष्ट्रियतामाथि बडो गज्जबले सामूहिक 'बलात्कार' पो गरिरहेका छन् ।

सुस्तादेखि लिम्पियाधुरा पुगोस् कि कपिलवस्तुदेखि मिथिलासम्म माटो धर्धरी रोइरहेको छ । तर, यिनलाई त्यसको माया नै छैन । महाभारतमा कौरवसँग लडेका पाण्डवहरूको इतिहासभन्दा कलियुगका यी पाण्डवले पो इतिहास बनाउलान् जस्तो । आफ्नै धर्तीमाथि धावा बोल्नेसँग अंकमाल गरेर नर्तकीहरूसँग रमाइरहेका छन् । 'जननी जन्मभूमिश्च स्वर्गादपी गरियसी' भन्ने कुरा त यिनीहरूलाई थाहा नै छैन । मातृभूमिमाथि नांगो नाच र बलात्कार हुँदा पनि पाण्डवहरू निरीह भएर दर्शक बनिरहेका छन् । बरु छिमेकीले मातृभूमिमाथि बलात्कार गरिरहँदा व्यक्तिगत स्वार्थमा लागेर सहयोगीको भूमिका पो निर्वाह गरिरहेका छन् ।

ढिकुर पोखरीका माइला बाले त्यसै बनेका हुन् र ? हिजो नाममात्र फेर्थे अहिले त रूप नै फेरे । विचार नै फेरे ।

'म आगो सहन्छु, अन्याय सहन्न म तृष्णा सहन्छु तिरस्कार सहन्न' भन्ने कुरालाई भुसुक्कै बिर्सिसकेका छन् । बरु अहिले त, 'म आगो सहन्छु, न्याय सहन्न, बलात्कार सहन्छु, राष्ट्रियता सहन्न' भन्न पो थालिसके छ । कलियुगका पाँच पाण्डवका कारण अहिले फिरंगीहरूले आफ्नो स्वार्थ पूरा गरिरहेका छन् । सिमाना मिचिरहेका छन् । संस्कृति, सम्पदामाथि बलात्कार गरिहेका छन् । तर पनि फिरंगीको भाङ खाएर दंग परिरहेका छन् ।

फिरंगीहरूको लोभमा फसेर आफ्नै राष्ट्रियतामाथि पटक-पटक बलात्कार गरिरहेका छन् पाण्डवहरूले । मातृभूमिमाथि संकट पर्दा अरु चिज छाडेर भए पनि एक ढिक्का हुनुपर्ने पाण्डवहरू तित्तरवित्तर भएका छन् । आफ्नो गोप्य अंगहरू फिरंगीलाई साटिरहेका छन् र त राष्ट्रियतामाथि आफैंले बलात्कार गरेर रमाइरहेका छन् । भ्रष्टाचार रमाउँदै फिरंगीहरूसँगकै मिलेमतोमा देश र जनतालाई बन्धक बनाएर नागरिक बेच्दै राष्ट्रमाथि बलात्कार गर्दै ह्वीस्कीको चुक्कीमा रमाउँदै छन् । सायद यी पाण्डुहरूलाई पुर्खाले त धिक्कार्दै छन् । भावी पुस्तालेसमेत सराप्ने छन् । 'लेण्डुप'हरूले माटो बेचिरहेका छन्, थाहा छैन कुन दिन देश बेचिदिने छन् । पशुपतिनाथले पक्कै पनि यी लेण्डुपहरूको गोवर भरिएको मथिंगलमा बुद्धि भरिदिने छन् र मात्र महसुस गर्ने छन्- ए हामीले त साँच्चै राष्ट्रियतामाथि पो बलात्कार गरिरहेका रहेछौं ।

समय बितिसकेको छ । न त संसद् भएको महसुस छ ? न त सरकार भएको महसुस गर्न सकिएको छ । अहिले त केवल राष्ट्रियतामाथि भएको बलात्कारको बाछिटामात्र देखिएको छ ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# 'लम्पी स्किन' नियन्त्रणका लागि गोठ-गोठमा पशु प्राविधिक

**पर्वत–** पछिल्लो दुई महिनायता पर्वतमा गाईभैंसीमा लाग्ने 'लम्पी स्किन' रोग तीव्रगतिमा फैलिएको छ । यहाँका सातवटै पालिकामा 'लम्पी स्किन' फैलिएपछि पशुपालक किसान समस्यामा परेका छन् ।

गत चैत २८ गते फलेवास नगरपालिका-९ भँगराको सिरुबारीमा किसानले पालेको एउटा गोरुमा उक्त रोग देखापरेको थियो । उक्त गोरुलाई आइसोलेसनमा राखी उपचार गरिएको थियो । उपचारपश्चात् उक्त गोरुमा लागेको रोग १६ दिनमा निको भयो । भँगरासँगै त्यसपछि वडा नं ६ देवीस्थानमा पनि लम्पी स्किन रोग देखिन थाल्यो ।

देवीस्थानलगायत क्रमश: अहिले यो रोग जिल्लाभर फैलिएको छ । फलेवास नगरपालिकाका पशु विकास शाखा प्रमुख प्रताप पौडेलका अनुसार फलेवासमा ३०० भन्दा बढी गाईगोरुमा यो रोग देखापरेको छ । हालसम्म पाँच गाई मरेका छन् । पौडेलका अनुसार भैंसीमा यो रोग हालसम्म देखापरेको छैन ।

फलेवास नपाले लम्पी स्किन रोग नियन्त्रणका लागि आवश्यक बजेट रकमान्तर गरेको छ । नगरपालिकाले पशु विकास शाखाअन्तर्गत आकस्मिक पशुरोग नियन्त्रण कार्यक्रममार्फत तीन लाख रूपैयाँ विनियोजन गरेर काम गर्दै आएको शाखाले लम्पी स्किन रोग बढेसँगै बजेट अभाव भएपछि संघीय राजस्व बाँडफाँड शीर्षकबाट थप पाँच लाख रूपैयाँ विनियोजन गरेको हो ।

सुरुको चरणमा पशु विकास शाखामार्फत विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको पशु विकास शाखाले रोग नियन्त्रणका लागि फिनेल, भिर्कोनलगायतका रसायन नि:शुल्क वितरण गरिसकेको छ । नेपालमा सुरुआती चरणमा लम्पी स्किन रोगका लागि खोपको मान्यता थिएन । वैशाखको अन्तिमतिर स्वीकृत पाएसँगै नगरपालिकाले नि:शुल्क खोप खरिदका लागि बजेट विनियोजन गरेको पौडेलले बताए ।

लम्पी स्किन रोग तीव्र गतिमा फैलिन थालेको र यसको उपचार पद्दति महँगो हुँदा पशुपालक किसानलाई उपचारमा व्यापक आर्थिक भार पर्ने भएकाले नगरपालिकाले खोप खरिद गरी नि:शुल्क रूपमा उपचार गर्न थालेको पशु विकास शाखा प्रमुख पौडेलको भनाइ छ । शाखाले उक्त रोगको नियन्त्रण र रोकथाम गर्नका लागि १० जना प्राविधिकलाई किसानको गोठगोठमा खटाएको छ । लम्पी स्किन रोग लागेका पशुको निरन्तर जाँच तथा नि:शुल्क रूपमा उपचार खट्टिएको पशु प्राविधिकले बताएका छन् ।

